बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठानबाट शैक्षिक सामाग्री । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-२२ ● २०७७ मंसिर २९ गते सोमबार, ● 14 Dec. 2020, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

चित्लाङ-थानकोट सडक

## 'छिट्टै निर्माण सक्ने अठोट'



◆ विकास संवाददाता

प्रतिनीधिसभा सदस्य विरोध खतिवडाले चित्लाङ-थानकोट सडक (गणेशमान सिं मार्ग) निर्माणलाई सक्दो छिटो सम्पन्न गर्नका लागि नीतिगत रूपमा सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । निरन्तर काम भैरहेको चित्लाङ थानकोट सडकको स्थलगत अनुगमन निरीक्षणका क्रममा प्रतिनीधिसभा सदस्य खतिवडाले बाटो निर्माणको विषयमा एक/अर्को पक्षलाई आरोप प्रत्यारोप गर्नुभन्दा पनि सबै मिलेर निर्माणमा जुट्नु पर्ने बताए । नेपाल कम्युनिष्ट पाटी (नेकपा) का केन्द्रीय सदस्य समेत रहेका खतिवडाले स्थानीयहरूले सडक निर्माणमा आ-आफ्नो तर्फबाट गरेको सहयोगको उच्च प्रशांसा गरे ।

सडक निर्माणका क्रममा आइपर्ने विविध नीतिगत समस्या समाधानका लागि संघीय सांसदको हैसियतले आफूले सक्दो पहल गर्ने बताउँदै खतिवडाले सडक निर्माणको अभियानमा सबैखाले नेतृत्वले पाटीभन्दा माथि उठेर कार्य गर्नुपर्ने धारणा राखे । सडकका लागि आवश्यक बजेटको निरन्तरताको लागि पहल गर्ने खतिवडाको प्रतिवद्धता रहेको थियो ।

चित्लाङमा २७ मंसिरमा भएको स्थलगत निरीक्षणको क्रममा संविधानसभा सदस्य समेत रहेका सुभाषसिं ठकुरीले सडक निर्माणको क्रममा आइपर्ने कानूनी जटिलता फुकाउन प्रतिनीधि सभा सदस्य खतिवडालाई आग्रह गरे । आफू सडक निर्माण अभियानको ६८ औं दिनसम्म पनि खटिइरहेकोमा स्थानीयहरूको साथ र सहयोग सम्झँदै प्रशंसा गरे । आफू सांसद हुँदाका बखत नै सडक निर्माणलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै द्रुतगतिमा सडक निर्माण गरेरै छाड्ने उनको भनाइ थियो । डिपिआर अनुसार सडक विस्तार गर्न अझै छ महिना लाग्ने ठकुरीले आँकलन गरे । स्थानीयहरूले सडक निर्माण छिटो भन्दा छिटो सकेर नागरिकलाई विकासको महशुस गराइदिन अनुगमन टोलीलाई आग्रह गरेका थिए ।

स्थलगत निरीक्षणका क्रममा प्रतिनीधि सभा सदस्य खतिवडाले संघीय समपुरक अनुदानबाट निर्माण भैरहेको थाहा-१० कलाटु सडक, थाहा-९ मा निर्माणाधिन प्रस्तावित मदन भण्डारी प्राविधिक विश्वविद्यालयको भवन निर्माण कार्यको समेत अनुगमन गरेका थिए ।

अनुगमन टोलीमा थाहानगर प्रमुख लवशेर विष्ट, नेकपा बागमती प्रदेश सचिवालय सदस्य विष्णु विष्ट 'आदर्श' जिल्ला सदस्य बुद्धरत्न मानन्धर, नेकपा थाहानगर सचिव सानुकाजी गोपाली, नगर सदस्य विमलकुमार ढकाल लगायतकाको सहभागिता रहेको थियो ।

# नगरपालिकाले सम्मान दियो, ज्येष्ठ नागरिकले "मुस्कान"

विकास संवाददाता
थाहा नगर

अनुहारमा मुस्कान यत्तिकै देखिदैन । मुस्कानका लागि खुशी चाहिन्छ । त्यो पनि मन-मस्तिष्कले अनुभव गर्न पाएको हुनुपर्छ । कुनै कुरामा घत लागेसी मान्छे खित्का छोडेर हाँस्छ तर आफ्नो आवश्यकता पुरा हुँदा मुस्कुराउँछ, कसैले आफूलाई महत्व दिँदा पनि मान्छे मुस्कुराउँछ, खुशी हुन्छ । मकवानपुर थाहा नगरपालिकाले पनि यस्तै मुस्कान फर्काउने काम गरेको छ । थाहाले गएको साता अभियानकै रूपमा ज्येष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रम आयोजना गरेर वडा-वडामै कार्यक्रम गरेको छ ।



थाहा नगरपालिकाको चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममै समावेश गरेको ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा १ सय ८० जना सहभागी भए । प्रत्येक वडाबाट १५/१५ जनाको दरले सबैभन्दा बढि उमेरका ज्येष्ठ नागरिकलाई नगरपालिकाले सम्मान गरेको हो । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण शाखाको संयोजनमा कार्यक्रम भएको हो । शाखाले प्रत्येक वडाबाट विवरण मागेको र सोही नामावलीको आधारमा सम्मान कार्यक्रम संचालन गरिएको शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् । 'कार्यक्रम पनि वडा वडामै पुगेर संचालन गर्‍यौं, ज्येष्ठ नागरिकहरू खुशी हुनु भयो'-शाखा प्रमुख मोक्तानले भनिन्-'उमेर ढल्कँदै जाँदा ज्येष्ठ नागरिकहरू हेलाका पात्रका रूपमा कतिपय स्थानमा देखिने हुँदा उहाँहरूलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश दिनका लागि नगरपालिकाले यस किसिमको कार्यक्रम आयोजना गरिएको हो ।'

'कतिपय स्थानमा ज्येष्ठ नागरिकहरु हेलाका पात्रका रुपमा रहने हुँदा उहाँहरुलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश दिनका लागि नगरपालिकाले यस किसिमको कार्यक्रम आयोजना गरिएको हो ।'
◆

ज्येष्ठ नागरिकहरूलाई सम्मानको साथै एक/एक थान ब्लाङ्केट र थर्मस वितरण गरिएको थियो । सम्मानको साथै उपहार समेत पाएपछि वडा नम्बर २ का ८६ वर्षिय ढल बहादुर कार्कीले खुशी व्यक्त गरे । नगरपालिकाले ज्येष्ठ



नागरिकलाई गरेको व्यवहारप्रति कार्कीले खुशीको मुस्कान छोडे । वि.सं. १९९३ सालमा जन्मेकी थाहा-६ चुलीप्रानकी तेजकुमारी सुवेदीले वडामा कार्यक्रम गरेर पहिलो पटक सम्मान र उपहार पाएपछि जनप्रतिनीधि र कर्मचारीलाई आशिक दिइन् । कार्यक्रमको बखान गरिन् आफ्ना दौतरीलाई कार्यक्रम स्थलमै भनिन्-'साह्रै राम्रो काम रहेछ, खुशी लाग्यो तपाईहरूको जय होस् ।'

प्रत्येक वडाहरूमा आयोजना गरिएको कार्यक्रममा वडाध्यक्ष, वडा सदस्य, कार्यपालिका सदस्यहरू, वडा सचिव तथा सहायक र अन्य कर्मचारीहरूको समेत उपस्थिती रहेको थियो ।

कार्यक्रममा उपस्थित वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरूले ज्येष्ठ नागरिक सम्मान तथा न्यानो कपडा र सामाग्री वितरणको प्रभावकारिताको विषयमा मन्तव्य व्यक्त गरेका थिए । थाहा नगरपालिका सामाजिक विकास समितिका संयोजक किरणमान बल, उपप्रमुख विष्णु बहादुर गुरूङ समितिका अन्य सदस्यहरू, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेलगायतका कर्मचारीहरको पनि कार्यक्रममा उपस्थिती रहेको थियो ।

व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

लैङ्गिक हिंसाको अन्त्य:
मेरो जीवनको गन्तव्य ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## भूउपयोग नीति सँधै अलमलमा

सर्वोच्च अदालतले जग्गाको कित्ताकाट खोल्ने सरकारी निर्णय ठीक नभएको भन्दै कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ । तर, यो आदेशले जग्गाको कित्ताकाट र भूउपयोगसम्बन्धी किचलो हटाउने कुनै निकास खोल्न सक्ने देखिँदैन । नेपालको जग्गाजमीनको वितरण र उपयोग सम्बन्धमा विवाद जारी नै छ । भूमि सुधारको नामदेखि जग्गामा हदबन्दी लगाउनेसम्मका काम भए पनि जमीनको उपयोगसम्बन्धी वैज्ञानिक र व्यावहारिक नीति र नियम बनेको छैन । बनेका ऐन र नीतिहरूमा एकरूपता र स्थायित्व एवम् तालमेल नहुँदा यससम्बन्धमा भएगरेका प्रयास उपलब्धिविहीन बनेको मात्र होइन, थप विवाद सृजना मात्रै गरेको देखिन्छ । वि.सं. २०७४ साल साउनमा कृषियोग्य भूमिको खण्डीकरण भएको र प्लटिङ गरेर आवासीय प्रयोजनमा प्रयोग भएको भन्दै कृषियोग्य जमीनको कित्ताकाटमा सरकारले रोक लगाएको थियो ।

भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनका लागि भूउपयोग ऐन २०७६ जारी भएपछि भूमिलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा विभाजन गर्ने व्यवस्था भएको छ । ऐनमा आवासीय क्षेत्रमा मात्रै जमीनको कित्ताकाट गर्न पाउने व्यवस्था गरिएको छ । यसका लागि संघीय सरकारले भूउपयोगको नक्सा तयार गरी स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । तर, यो प्रक्रिया पूरा नभई कित्ताकाट खुलाउँदा सरकार विवादमा परेको हो । स्थानीय तहले आफै निर्णय गर्न सक्ने भएकाले कित्ताकाट खुला गरिएको भूमिसुधार मन्त्री पद्मा अर्यालको भनाइ भए पनि स्थानीय तह यसका लागि सक्षम भइसकेको अवस्था छैन । हालसम्मको व्यवस्थाअनुसार घरघडेरीबाहेक सबै नै जग्गा खेतीयोग्य हुन्छ । अनि जग्गावाल सबै कृषक हुन् । अन्य देशमा भने जग्गासम्बन्धी फरक प्रणाली छ । भारतमै पनि कृषकको नाममा भएको जग्गा अर्को कृषकले मात्रै किन्न पाउने व्यवस्था छ । नेपालमा भूमिसम्बन्धी समस्या राजनीतिक आन्दोलनको र विवादको विषय सधैं रहिरहेको छ । तर, दीर्घकालीन सोचका साथ काम भएको पाइँदैन । सरकारले भूमिसम्बन्धी समस्या समाधान गर्न भूमिसम्बन्धी ऐनअनुसार उच्चस्तरीय आयोग गठन गरेको छ । यसले सरकारी जमीनलाई नै खण्डीकरण गरी सुकुमबासीहरूलाई उपलब्ध गराउने हो ।

सरकार एकातिर खण्डीकरण रोक्न चाहन्छ भने अर्कातिर आफै खण्डीकरणको काम गर्छ । यसरी टुक्रे निर्णयहरू गर्दा भूमिसम्बन्धी समस्या झनै बढ्ने गरेको हो । अदालतमा सबैभन्दा बढी मुद्दा जग्गासम्बन्धी नै रहेको पाइन्छ । अझै पनि नेपालको भूमिसम्बन्धी व्यवस्था पुरातनी छ । यद्यपि जग्गाको अभिलेख डिजिटाइज गरिएको छ, रोपनी आदिलाई वर्ग मीटरमा लैजाने आदि खुद्रा काम भएका छन् । तर, यसमा सरलता र स्पष्टता ल्याउने काम भने भएको छैन । जग्गा लगानीको माध्यम पनि हो । काम पर्दा जग्गा बेचुँला भनेर लगानी गर्नेहरू पनि छन् । कित्ताकाट बन्द हुँदा तिनीहरूलाई समस्या पारेको छ । तर, नियम कानूनमा जे भए पनि कित्ताकाट रोकिएको छैन । कानूनी छिद्रको प्रयोग गरेर कित्ताकाट भइरहेको देखिन्छ । त्यसैले भूमिसम्बन्धी समस्याको समाधान गर्न यस क्षेत्रमा आमूल परिवर्तन आवश्यक देखिन्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# ज्येष्ठ नागरिक बोझ होइनन्, बुद्धि हुन



बाबुकाजी कार्की

ज्येष्ठ नागरिक बोझ होइनन्, हाम्रो बुद्धिका स्रोत हुन् । ज्येष्ठ नागरिकको अनुभवलाई राष्ट्रिय पुँजीका रूपमा विकास गरिनुपर्छ । विकास-निर्माणमा आइपर्ने जोखिम र अवरोधहरूलाई ज्येष्ठ नागरिकले विगतमा प्रत्यक्ष भोगेका र समाधानमा अपनाएका ज्ञान, सीप र दक्षताको प्रयोगबाट सहज रूपमा समाधान खोज्न टेवा पुग्छ, जसबाट समय र लगानीको बचत गर्न सकिन्छ । सरकारी-गैरसरकारी क्षेत्रमा बसेर काम गरेका निवृत्त कर्मचारीको विज्ञताको यथाशक्य प्रयोग समृद्ध नेपाल सुखी नेपाली बनाउने लक्ष्य प्राप्तिमा होस्टेमा हैंसे हुन सक्छ ।

कतिपय अवस्थामा निवृत्तहरूको योग्यता, दक्षता र अनुभव हासिल गर्न राज्यको लगानीसमेत रहेको हुन्छ । स्वतन्त्र रूपमा समाजमा आफ्नो संस्कार संस्कृति र सीप जगेर्ना गर्दै जीविका चलाइरहेका ज्येष्ठ नागरिकको दक्षताको उपयोग परम्परागत कला-संस्कृतिको संरक्षण र पुस्तान्तरणका साथै पर्यटन प्रवर्द्धनमा समेत सदुपयोग गर्न सकिन्छ । देश विकासको महायज्ञमा सबै उमेरका जनताको सक्रिय सहभागिता अपरिहार्य रहन्छ । तुलनात्मक रूपमा युवावर्गको योगदान उल्लेख्य रहने भए तापनि ज्येष्ठ नागरिकको भूमिकालाई पनि नजरअन्दाज गरिनु हुन्न । ज्येष्ठ नागरिकले आफ्नो जीवनकालमा भोगेका असीमित अनुभवहरूको सदुपयोग देश विकासमा लगाउने योजना तथा नीतिहरू राज्यले बनाउन चुक्नु हुन्न ।

ज्येष्ठ नागरिकको उमेरगत शारीरिक तथा मानसिक शिथिलता र कमजोरीका कारण रोग प्रतिरोधात्मक क्षमता स्वभावैले कमी हुन्छ । रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आएका कारण विभिन्न रोगको औषधोपचार गरिराखेका वृद्धवृद्धाको जीवन सुरक्षाका लागि सरकार र सरोकार पक्षले विशेष ध्यान दिनुपर्ने हुन्छ । वृद्ध अवस्थामा विभिन्न किसिमका शारीरिक, मानसिक, आर्थिक, सामाजिक खालका समस्याहरू रहन्छन् नै । रोग प्रतिरोधात्मक क्षमता बढाउन स्वस्थकर आहारविहारका साथै हौसला र उत्साहले पनि अहम् भूमिका खेल्ने तथ्य रोग जितेर सामान्य जीवनमा फर्केका व्यक्तिको अनुभव छ । मानव जीवनको उत्तरार्द्धमा पुगेका ज्येष्ठ नागरिकको दैनिकी सहज र सुखद बनाउनु परिवार र राज्यको जिम्मेवारी हो । समाजमा स्वच्छ वातावरण, सरल व्यवहार, राम्रो सामाजिक सद्भाव एवं सौहार्दता र मर्यादित आचरण तथा अनुशासित जीवन जिउने संस्कारको सुनिश्चितता आजको आवश्यकता हो ।

ज्येष्ठ नागरिकहरू देशको समृद्धिको यात्रामा निःशुल्क योगदान गरी मातृभूमिको सेवा गर्न लालायित छन् । मेरो समाज मेरो योगदानजस्ता अभियान सञ्चालन गरी ज्येष्ठ नागरिकलाई सामाजिक रूपान्तरणमा उत्साहप्रद सहभागिता गराउन सरकार र सरोकार पक्षले ध्यान दिनु जरूरी छ । वृद्धवृद्धाले आफ्नो लामो जीवनभरि सँगालेका ज्ञान, सीप र पछिल्लो पुस्ताका लागि अर्ती-उपदेश अमूल्य मार्गदर्शनका रूपमा सदुपयोग गरिनु बुद्धिमानी ठहर्छ । कुरा सुन्नु बूढाको आगो ताप्नु मुढाको अनि पितृ देवो भव, मातृ देवो भवजस्ता परम्परागत आदर्श वाक्य आत्मसात् गर्दै सदिऔं चलेको हाम्रो संस्कारमा पछिल्लो समयमा विचलन आउन थालेको जगजाहेर नै छ । संयुक्त परिवारबाट एकल परिवारमा बस्ने चलन बढ्दै गएको परिवेशमा आर्थिक, सामाजिक र मानसिक रूपमा ज्येष्ठ नागरिक रमाउने वातावरणमा ह्रास आउँदै गएको महसुस हुँदै छ । बाह्र छोरा तेह्र नाती बूढाको धोक्रो काँधैमाथिको भनाइ चरितार्थ हुँदै गएको छ ।

संयुक्त राष्ट्रसंघले सन् १९९१ मा वृद्धवृद्धाहरूको स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादालाई प्राथमिकता दिएर प्रस्ताव नै पास गरेको थियो । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको मौलिक हकको सुनिश्चित गरेको छ । चालू पन्ध्रौं योजनाले ज्येष्ठ नागरिकहरूको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले समृद्धिका लागि उपयोग गर्ने लक्ष्य लिएको छ । आव २०७७/७८ को बजेटमार्फत ज्येष्ठ नागरिकको उल्लिखित अनुभवलाई स्थानीय सरकारसँगको सहकार्यमा ज्ञानकेन्द्र, ध्यानकेन्द्र र आरामकेन्द्र स्थापना गर्दै पुस्तान्तरण गर्दै जाने अवधारणा ल्याएको छ । त्यस्तै अल्जाइमरलगायत उमेरगत रोगहरूको निःशुल्क उपचार तथा असहाय ज्येष्ठ नागरिकका लागि संरक्षणको व्यवस्था समेत गर्ने उल्लेख छ । ज्येष्ठ नागरिकका लागि मासिक ३ हजार भत्ता, निःशुल्क स्वास्थ्य बिमा, यातायात तथा औषधोपचारमा ५० प्रतिशत छुट, ज्येष्ठ नागरिक परिचय पत्र, सेवाप्रवाहमा विशेष प्राथमिकता दिइने नीति लिइएको पाइन्छ । सरकार र सरोकार संघसंस्थाको पहलमा ज्येष्ठ नागरिक कोष स्थापना भए तापनि प्रभावकारिता ल्याउन थप पहल गर्नुपर्ने खाँचो खट्किएको छ ।



*थाहा नगरपालिकाले गरेको ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकहरु न्यानो कपडा सहित सम्मान गर्नुहुँदै वडा नं. ६ का वडाध्यक्ष शशीधर सुवेदी ।*

*संयुक्त राष्ट्रसंघले सन् १९९१ मा वृद्धवृद्धाहरुको स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादालाई प्राथमिकता दिएर प्रस्ताव नै पास गरेको थियो । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको मौलिक हकको सुनिश्चित गरेको छ ।*

स्वास्थ्य र जनचेतनामा सकारात्मक परिवर्तनका कारण नेपालीको सरदर बाँच्ने आयु दर वृद्धि हुँदै गएको छ । अहिले नेपालीको सरदर बाँच्ने आयु दर ६८ वर्ष पुगेको छ । जसको फलस्वरूप ६० वर्षे ज्येष्ठ नागरिकको संख्या बढ्नु स्वभाविकै हो । राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको जनसंख्या वृद्धिदर २.१ प्रतिशत थियो भने ज्येष्ठ नागरिकको जनसंख्या वृद्धिदर ३.४ प्रतिशत रहेको देखिन्छ । नेपालको जनसंख्याको ८.१३ प्रतिशत ज्येष्ठ नागरिक छन् । यसमा पनि पुरूषको भन्दा महिलाको संख्या उच्च रहेको छ । विगत पछिल्ला पाँच जनगणनाको विश्लेषण गर्दा ज्येष्ठ नागरिकको संख्या बढ्ने निश्चित नै छ । ज्येष्ठ नागरिकको संख्यात्मक वृद्धिअनुसार उनीहरूको गाँस, बास र कपासको उचित प्रबन्ध गर्ने दायित्व सन्तति र सरकारको हो । साधारणतया वृद्ध अवस्थामा देखिएका र भोगिएका समस्याहरूमा खानपान र औषधि-उपचारको उपयुक्त व्यवस्था, बसोबासको उचित प्रबन्ध, मर्यादा, आत्मसन्तुष्टि, मनोरञ्जनात्मक वातावरणको सहजता, सिर्जनात्मक अनुभवको उपयोग, आर्थिक तथा सामाजिक सुरक्षाको सुनिश्चितता, आरोग्य वा वृद्ध आश्रमको उचित व्यवस्थापन आदिमा विशेष ध्यान दिनुपर्ने हुन्छ । ज्येष्ठ नागरिकको दिनचर्यालाई सक्रिय, स्वस्थ र आत्मनिर्भर बनाउन उनीहरूको शारीरिक र मानसिक तन्दुरूस्ती अनुकूल बालबच्चा हेर्ने, खाना बनाउने, कृषिकर्ममा लगाउने, व्यापार-व्यवसायमा सक्रिय बनाउन सकिन्छ । त्यस्तै विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका चिकित्सक, व्यवस्थापक, प्राविधिकलगायतका विज्ञहरूको अनुभवलाई सामाजसेवा र देश निर्माणमा सदुपयोग गर्न सकिन्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# दम्पतीको बीचमा "भावनात्मक धोका" नजानेरै हुन सक्छ यस्तो गल्ती



सम्बन्धको जग भरोसा र इमान्दारितामा निर्भर हुन्छ । जब विश्वासको जग हल्लिन्छ, त्यसपछि सम्बन्ध चकनाचुर हुन्छ । तर हामीले इमान्दारिताको परिभाषालाई एकदमै संकुचिन गरिरहेका छौं । सम्बन्धमा इमान्दारिताको एक मात्र अर्थ यो हो कि हामी आफ्नो वैवाहिक वा प्रेम सम्बन्धभन्दा बाहिर कसैसँग कुनै पनि प्रकारको शारीरिक सम्बन्ध राख्दैनौं । अर्कोतर्फ शारीरिक सम्बन्ध बनाउनका लागि वफादार रहेको देखाउने क्रममा हामी शारीरिक सम्बन्धभन्दा पनि भावनात्मक सम्बन्ध बढी गतिशील हुनुपर्छ भन्ने मान्यतालाई भने बिर्सने गर्छौं ।

सम्बन्धमा 'इमोसनल ब्ल्याकमेलिङ' अर्थात् भावनात्मक धम्कीले झनै सम्बन्धलाई कमजोर बनाउने गर्छ । तर हामीले हाम्रो भावनात्मक सम्बन्धलाई यति संकुचित बनाइरहेका छौं कि हामीलाई थाहा नहुँदानहुँदै पनि हाम्रा साथीमाथि ब्ल्याक मेलिङ भइरहेको हुन सक्छ ।

### जब सधैं आफ्नो साथीलाई अरूसँग तुलना गर्नुहुन्छ

तपाईंको साथीले तपाईंको लागि कति वास्ता गर्छ, तपाईं ती साथीसँग कति सन्तुष्ट हुनुहुन्छ, तपाईं जहिले पनि आफ्नो साथीमा रहेको केही गलत कुरालाई नै ध्यान दिनुहुन्छ, कसैलाई आदर्श बनाएर सधैं उसलाई त्यस्तै बन्न प्रेरित गर्नुहुन्छ भने यो पनि एक किसिमको ब्ल्याकमेलिङ नै हो। तपाईंको यस्तो व्यवहारले पार्टनरलाई महसुस हुन सक्छ कि तिनी तपाईंले चाहेको पार्टनर होइन। तपाईं उसको सट्टामा अरू कसैलाई आफ्नो पार्टनरको रूपमा देख्न चाहनुहुन्छ । जब हामी कसैलाई उसको वास्तविक रूप, उसको भलाइ र कुकर्महरू स्वीकार गर्न सक्षम हुँदैनौं, तब हामी आफ्नो साथीलाई जीवनको हर बखत धोका दिने गर्छौं ।

के तपाईंप्रति उसको भावनाको कुनै मूल्य छैन ? उनीसँग शारीरिक सम्बन्ध बनाउनु, सँगै जीवन बिताउनु तर मानसिक रूपमा टाढा हुनु निसन्देह भावनात्मक धोका हो ।

### जब आफ्नो पार्टनरलाई मनको कुरा बताउनुहुन्न

जब हामी दिनको कामबाट थकित हुन्छौं, तब घर पुग्ने बित्तिकै दम्पतीबीच कुरा होस् भन्ने आशा राख्छौं । दिन कस्तो बित्यो, दिउँसो के खाजा खाइयो ? रमाइलो क्षणहरू कस्ता बिते ? सामान्यतया सबै विवाहित जोडीहरूले एक अर्कासँग साना चीजहरू, खुसी र दुः ख एक अर्कामा साझा गरून् भन्ने चाहन्छन् । यदि तपाईं यी सबै चीजहरू आफ्नो जीवनसाथीसँग बाँड्न आवश्यक छ भन्ने महसुस गर्नुहुन्न भने यहाँ पनि केही न केही समस्या सिर्जना हुन सक्छ । यो पनि एक हिसाबले दम्पतीबीच हुने भावनात्मक धोका पनि हो ।

### जब वैवाहिक सम्बन्धभन्दा बाहिर यौन सम्बन्ध राख्नुहुन्छ

> जब हामी दिनको कामबाट थकित हुन्छौं, तब घर पुग्ने बितिकै दम्पतीबीच कुरा होस् भन्ने आशा राख्छौं । दिन कस्तो बित्यो, दिउँसो के खाजा खाइयो ? रमाइलो क्षणहरु कस्ता बिते ? सामान्यतया सबै विवाहित जोडीहरूले एक अर्कासँग साना चीजहरू, खुसी र दुःख एक अर्कामा साझा गरून् भन्ने चाहन्छन् ।

आफ्नो जीवनसाथीसँग शारीरिक सम्बन्ध राख्नको लागि पहिलेभन्दा कम मन गर्नुहुन्छ भने यसले तपाईंमाथि अनेक शंका उपशंका सिर्जना गर्न सक्छ । घरमा दम्पतीबीच शारीरिक सम्बन्ध कम हुन थाल्यो भने यसले बाहिर कतै सम्बन्ध विस्तार भएको पनि हुन सक्छ भन्ने शंका उब्जिन सक्छ । त्यो पनि भावनात्मक धोखा नै हो । सेक्स नगर्नुका थुप्रै अन्य कारणहरू हुन सक्छन्, जस्तै समयको अभाव, तपाईंबीच झगडा, मुडको अभाव वा अन्य भावनात्मक उतार चढाव । तर यी सबै शर्तहरूका बावजुद यदि तपाईं अर्को व्यक्तितर्फ आकर्षण महसुश गर्नुहुन्छ तर पार्टनरप्रति चासो दिनुहुन्न भने एकचोटि तपाईंको सम्बन्धबारे समीक्षा गर्नुहोस् । यदि तपाईं शारीरिक रूपमा ठीक हुनुहुन्न भने पनि तपाईं भावनात्मक रूपमा विश्वासघातको बाटोमा हिँड्न सुरू गर्नुभएको हुन सक्छ ।

### जब सुत्नेबेला कसैलाई सम्झिन थाल्नुहुन्छ

देख्दा समस्या समान्य लाग्न सक्छ । तर यदि तपाईं आफ्नो पार्टनरसँगै ओछ्यानमा सुतिरहँदा कल्पना भने अरू कसैको बारेमा गर्नुहुन्छ भने यहाँ पनि भावनात्मक धोकाको कुरा हुनन सक्छ । तपाईं पार्टनरसँग ओछ्यानमा हुनुहुन्छ तर तपाईंको दिमागमा अर्को कोहीप्रति छ । सरल शब्दमा भन्ने हो भने यो अवस्था भनेको तपाईंले आफ्नो पार्टनर लाई भावनात्मक धोका दिन थालेको चरणवद्ध सुरूवात हो ।

### जब आफ्नो व्यवहार र प्राथमिकतामा परिवर्तन महसुस गर्दै हुनुहुन्छ

जब हामीसँग केही गलत हुन्छ वा हामी केही गलत गर्दैछौं, तब हामी यसलाई पहिचान गर्न सकिरहेका हुँदैनौं । यदि पार्टनरप्रति तपाईंको व्यवहार पछिल्लो केही दिनमा परिवर्तन हुन थालेको छ, यो परिवर्तन सकारात्मक छैन भने मान्नुहोस् तपाईंले आफ्नो साथीलाई भावनात्मक धोका दिने चरणको सुरूवात गर्नुभयो । योसँगै यो निश्चित छ कि तपाईंको सम्बन्धमा दुरी आउँदैछ वा तपाईंको पार्टनर अब तपाईंको प्राथमिकता होइन । जहाँ पहिले तपाईं आफ्नो साथीलाई भेट्न व्याकुल हुनुहुन्थ्यो, उनीसँग नै सबै कुरा भन्न रूचाउनुहुन्थ्यो तर अब तपाईंलाई अफिसबाट घर फर्कन पनि कुनै हतारो लाग्दैन भने सम्झनुहोस् तपाईं बदलिँदै हुनुहुन्छ ।

# फारम भर्दा गल्ती भए फोन आउँछ !




बागमती प्रदेश लोक सेवा आयोगको फारम बुझाउन घण्टौं सम्म लाइन बस्न नपर्ने भएको छ । बागमती प्रदेश लोक सेवा आयोगले खोलेको सहायक चौथोको फाराम बुझाउन परीक्षार्थीहरूले घण्टौं लाइन बस्नु परेको समाचार संचार माध्यमहरूमा प्रकाशन भएसँगै आयोगका निमित्त सचिव भोला दाहालले यस्तो जानकारी जानकारी गराएका हुन् ।

'फारामहरू त्यति नै बेला दर्ता नगरी आएका जति फारामहरू सेवा समूहअनुसार जम्मा मात्रै गर्ने भन्ने निर्णय भएको छ', निमित्त सचिव दाहालले भने, 'फाराम बुझाउने म्याद सकिएपछि केही नपुग रहेछ भने फाराममा नै लेखिएको सम्पर्क नम्बरमा फोन गरेर जानकारी गर्न सकिहालिन्छ' । समाचारमा नै आएपछि तत्काल फोन गरेर केन्द्रमा सो जानकारी गराई सकेकोले बुझ्ने मात्रै भएकोले भीड नहुने उनको भनाई छ । उनले अब त्यो अवस्था नरहने र म्यानेज गरिसकेकोसमेत बताएका छन् । फाराम भर्ने मिति सकिनै लाग्दा केन्द्रमा परीक्षार्थीहरूको थेगिनसक्नुको भिड देखिएको थियो ।

अनलाइन गर्न नसक्नु आफ्नो कमजोरी रहेपछि पहिलो चोटि भएका कारण सबै व्यवस्थित गर्न नसकेकोले परीक्षार्थी दुःख नहोस् भनेर सो व्यवस्था गरेको पनि उनले बताए । केन्द्रमा अत्यधिक भीड भएपछि केही दिन अघि घरेलु कार्यालय ललितपुर मा पनि भर्न सकिने गरी निर्णय गरेर पठाएको र केही परीक्षार्थिहरूले त्यताबाट पनि फाराम बुझाएको आयोगले जनाएको छ ।

# कोरोना खोप प्रयोग गर्न अमेरिकाको अनुमति




फाइजरले विकास गरेको कोरोनाविरूद्धको खोपको प्रयोग गर्न अमेरिकाले अनुमति दिएको छ ।

अमेरिकाको खाद्द तथा औषधि विभागले फाइजर वायोनटेकले विकास गरेको कोरोना भाइरस विरूद्धको खोप आपत्कालीन प्रयोगका लागि अनुमति दिएको हो । सो विभागका २३ सदस्यीय टोलीले छानविन पश्चात अनुमति दिएको सीएनएनले जनाएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले विभागलाई 'खोप तत्काल प्रयोगमा ल्याउन' दबाब दिएपछि विभागले आजै अनुमति दिएको हो । यो खोप ९५ प्रतिशत सफल मानिएको छ ।

सोमवार वा मंगलवारदेखि खोपको अत्यावश्यक सेवा दिइने जनाइएको छ ।

# आखाँभित्र पानी हाल्दा बिग्रन सक्छ है !

तपाई हामी धेरैले आँखा सफा गर्दा पानीमा आखाँ खोलेर डुबाउने गरेका हुनसक्छौं । वा कसैले आँखामा पानीले छ्याप्छ्याप हान्नी पनि गरिरहेका हुन्छौं । आँखा खोलेर छ्याप्छ्याप आँखा पखाल्ने चलन धेरै पाइन्छ । बाल्टीमा पानी भरेर समेत पखाल्ने गरिन्छ तर त्यसले आँखालाई असर गरिसकेको हुन्छ ।

तर यसरी आँखा सफा होइन बिग्रने जोखिम उच्च रहन्छ । किनकी आँखा भित्र पानी छिर्नु हानिकारक मानिन्छ । आखाँभित्र पानी छ्यापेर वा आँखा सफा गर्दा आँखाभित्र पानी छिर्न दिनुहुँदैन । यदि आँखामा पानी पस्यो भने उक्त पानीले आँखाको आँसुलाई बगाउँछ र आँखालाई सुख्खा बनाउँछ । आँखामा पाइने तरल पदार्थ अर्थात् आँसु आँखाको मोबिल हो ।

जसरी गाडी मोबिलबिना चल्दैन त्यसरी नै आँखा पनि आँसुबिना चल्दैन । त्यसैले हामीले आँखा सफा गर्दा धेरै ख्याल गर्नुपर्दछ । आँखा पोल्ने, बिझाउने, आँखा फरफराउने, टाउको दुख्ने, आँसु बगिरहने तथा आँखाको नानी नै फेर्नुपर्नेसम्मको समस्या हुन्छ ।

### त्यसो भए आँखा कसरी सफा गर्ने ?

आँखा बन्द गर्ने र परेला तथा आँखाको वरिपरि पानीले मज्जाले सफा गर्ने । त्यसो गर्दा परेलामा रहेका फोहोरलाई पानीले पखाल्छ ।

# लोकतन्त्र जोगाउन मिडिया बलियो हुनुपर्छ : मुख्यमन्त्री पौडेल




◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले पत्रकारले सहि कुरालाई सहि मात्र लेख्दा पुग्ने अरू थपथाप गरेर बढाईचडाई गरेर समाचार बनाउन नपर्ने बताएका छन् ।

हेटौंडामा भएको नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको १६ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री पौडेलले सो कुरा बताएका हुन् । उनले सरकारले गरेको कुरालाई गरेको नगरेको कुरालाई औंल्याउन वा सुझाव दिन आग्रह गरे । उनले गलत कुराहरूलाई गलत भनेर समाचार लेख्न समेत आग्रह गरे । उनले बागमती प्रदेशले पत्रकारको हकहितका लागि काम गरिरहेको बताए ।

उनले सरकार 'समृद्ध नेपाल, सुखी नेपाली' यात्रामा अघि बढेको भन्दै पत्रकारको भूमिका प्रतिपक्षी मात्र नभई सरकार पक्ष पनि रहनु पर्ने बताएका छन्। उनले नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले सुरू गरेको जेष्ठ पत्रकार पेन्सन र पत्रकार उपचार कोषमा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । स्थापित लोकतन्त्रलाई जोगाउनका लागि मिडीयाको महत्वपुर्ण भुमिका हुने उनले बताए ।

यसैगरि साधारण सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्र बहादुर बानियाँले सरकारले पत्रकारलाई पनि सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्ने बताए । उनले सरकारले अन्य क्षेत्रमा सहुलियत दरमा ऋण उपलब्ध गराउने तर पत्रकारलाई ॠण किन नदिने भन्दै सरकारलाई कोरोनाको जोखिम पेशा नै दाउमा राख्न बाध्य बनेका पत्रकारलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्ने बताए । उहाँले सरकारले मिडीयालाई के गर्यो खै भनेर प्रश्न समेत गरे ।

साधारण सभामा पत्रकार महासंघ मकवानपुर शाखाले लामो समयदेखि पत्रकारितामा क्रियाशिल रहेका ३ जना पत्रकारहरूलाई जनही नगद रू ८ हजार र प्रशंसापत्र सहित सम्मान गरेको छ । महासंघले राष्ट्रिय समाचार समितिका समाचारदाता कृष्णराम परियार, प्रयास साप्ताहिकका प्रकाशक कौशल पाण्डे र संचारकर्मी खेम बोलखेलाई पुरस्कृत गरेको हो । उनिहरूलाई बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल र बागमती प्रदेशका प्रमुख प्रतिपक्षी दलका नेता इन्द्रबहादुर बानियाँले नगदसहित प्रशंसा पत्र प्रदान गरेका थिए ।

पत्रकार महासंघ मकवानपुरले जेष्ठ पत्रकारहरूका लागि स्थापना गरेको पेन्सन कोषमा सहयोग गरेको भन्दै हेटौंडा उपमहानगरपालिकालाई प्रशंसापत्र प्रदान गरेको थियो । कार्यक्रममा प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख र घुनाथ खुलाल, हेटौंडा उपमहानगर पालिकाका मेहर हरी बहादुर महत, लगाएतले मन्तव्य राखेका थिए । नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखेल, सचिब रामप्रसाद दाहाल, केन्द्रीय सदस्यहरू कृष्ण गिरी, पुरूषोत्तम सुबेदी, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष प्रताप विष्ट लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

साधारण सभा नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका अध्यक्ष हरि हुमागाईको सभाध्यक्षतामा भएको हो ।

# भूमिहीनको लगत संकलन गर्न सम्झौता




◆ विकास संवाददाता

भूमिहीन दलित र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नको लागि लगत संकलनलगायत आवश्यक काम अघि बढाउन बागमती प्रदेशका २८ वटा स्थानीय तहसँग भूमि सम्बन्धी समस्या समाधान आयोगले सम्झौता गरेको छ । बिहीबार हेटौंडामा एक अभिमुखीकरण कार्यक्रमकाबीच प्रदेशका एक/एक महानगर र उपमहानगर, १० वटा नगरपालिका र १६ वटा गाउँपालिका गरी २८ वटा स्थानीय तहसँग समझदारी गरिएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल, आयोगका अध्यक्ष देवीप्रसाद झवाली, स्थानीय तहका प्रमुख, उपमप्रमुख र प्रशासकीय अधिकृतलगायतको सहभागितामा समझदारीपत्रमा हस्ताक्षर भएको हो । समझदारीअनुसार अब स्थानीय तहहरूले आफ्नो तहमा रहेका भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरणको प्रक्रिया सुरू गर्नुपर्नेछ । आयोगले मकवानपुरको बागमती गाउँपालिका र चितवनको रत्ननगर नगरपालिकासँग यसअघि नै सोही प्रकृतिको सम्झौता गरिसकेको छ ।

आयोगले जारी गरेको कार्यविधिअनुसार समझदारी भएका स्थानीय तहमा भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गरिनेछ । लगत संकलन तथा जग्गा नापजाँच कार्यका लागि संयोजक, सर्वेक्षक, अमिन, सामाजिक परिचालक, तथ्यांक संकलक, तथ्यांक प्रविष्टकर्ता सहयोगी र आवश्यक उपकरणसहितको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई स्थापना गरिनेछ । लगत संकलन इकाईमा आवश्यक जनशक्ति गाउँपालिकाले करारमा नियुक्त गरी गाउँपालिकाकै स्रोतबाट सेवा सुविधा उपलब्ध गराउनुपर्ने पनि समझदारीपत्रमा उल्लेख छ । आयोग र जिल्लाबाट खटिएका स्थायी कर्मचारीलाई दैनिक भ्रमण भत्ताको व्यवस्था पनि सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ ।

लगत संकलन, प्रमाणीकरण र सिफारिसको काम गर्न कुनै निश्चित समावधी भने तोकिएको छैन । लगत संकलन, प्रमाणीकरण र सिफारिसबापत स्थानीय तहले कुनै शुल्क लिन नपाउने पनि व्यवस्था गरिएको छ ।

आयोगले तथ्यांक प्रविष्ट गर्नको लागि स्थानीय तहलाई प्रणाली उपलब्ध गराउनेछ भने स्थानीय तहमा स्थापना हुने इकाईमा आवश्यक गर्ने थप अमिन र सर्वेक्षकको पनि व्यवस्था गर्नेछ । ट्रेस पेपर, फिल्डबुक छाप्ने कागज, कित्ताको नक्सा छाप्ने कार्यलगायत प्राविधिक सहयोग पनि आयोगले गर्नेछ ।

समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रममा बोल्दै बागमती प्रदेशका मुख्यमन्त्री पौडेलले भूमिहीनलाई जग्गा उपलब्ध गराउनु राज्यको दायित्व भएको भन्दै सबै भूमिहीनलाई प्रक्रिया पुऱ्याएर लालपूर्जा दिइनुपर्ने बताए । मुलुकमा १३ लाखभन्दा बढी भूमिहीन सुकुम्बासी रहेको भन्दै पौडेलले उनीहरूको भावनालाई कदर गर्दै आयोगले जतिसक्दो छिटो जग्गा उपलब्ध गराउनुपर्ने मुख्यमन्त्री पौडेलको भनाइ थियो ।

भूमि सम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष देवीप्रसाद झवालीले एक वर्षभित्र सयवटाभन्दा बढी स्थानीय तहका भूमिहीन दलित र सुकुम्बासीलाई लालपूर्जा वितरण गरिने दावी गरे । लगत संकलनको लागि देशभरका लागि ३ सय ७२ जना सर्वेक्षक र अमिनको दरबन्दी स्वीकृत भइसकेको भन्दै झवालीले अब धमाधम काम सुरू हुने बताए । आयोगको काम अघि बढाउन आइपरेको केही बाधा अप्ठेरो फुकाउन भूमिसम्बन्धी ऐन र नियमावली संशोधन अन्तिम चरणमा रहेको जानकारी दिँदै अध्यक्ष झवालीले आयोगले ९ वटा कार्यविधिसमेत बनाइसकेको बताए ।

बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयाँल, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता इन्द्रबहादुर बानियाँलगायतले आयोगले गर्न लागेको कामको प्रशंसा गर्दै भूमिहीनको समस्या चाँडै नै समाधान हुने विश्वास व्यक्त गरे ।




# पत्रकारलाई पेन्सन !

◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले २० वर्ष सम्म पत्रकारितालाई मुख्य पेसा बनाइ ६० वर्ष उमेर पुगेका जेष्ठ पत्रकारका लागि मासिक ४ हजार रूपैयाँका दरले पेन्सन दिने भएको छ । पत्रकार महासंघ मकवानपुर शाखाको कार्यसमिति बैठकले जेष्ठ पत्रकार पेन्सन सम्बन्धी कार्यविधी, २०७७ को पास गर्दै पेन्सन दिनका लागि सुरूवात गर्न लागेको हो ।

पेन्सन दिनका लागि हेटौंडा उपमहानगरपालिकाले कोषमा दश लाख रूपैयाँ यस अघि नै हस्तान्तरण गरेको छ । पत्रकार महासंघ मकवानपुर साखाले बाणिज्य बैकमा यसअघिनै खोलीएको खातामा दश लाख रूपैयाँ जम्मा गरिएको छ । यही बैकमा यसअघि मुद्धती खातामा रहेको दुइ लाख रूपैयाँ समेत पेन्सन कोषमा जम्मा गर्ने र उपमहानगर पालिकाले कोषका लागि दिएको दश लाखको व्याज रकमबाट पेन्सन दिन लागिएको पत्रकार महासंघ मकवानपुरका अध्यक्ष हरि हुमागाईले बताए ।

महासंघ मकवानपुर शाखामा आवद्ध भएका सदस्यहरू मध्ये जेष्ठ सदस्यको वृत्ति बिकास गर्नका लागि पेन्सन दिन लागिएको हो । लगातार कम्तिमा बीस वर्ष मुख्य पेसा पत्रकारिता गरेर सक्रिय पत्रकारिता छोडी बिश्राम लिइसकेपछी प्राप्त निबेदनका आधारमा पेन्सन रकम दिन लागिएको हो । जेष्ठ पत्रकार पेन्सन कार्यक्रम लागू भएपछी कोषबाट व्यय हुने गरी मासिक रूपमा चार हजार रूपैयाँ प्रदान गरिने छ र कोषमा रकम बृद्धी भएसंगै पेन्सन रकम पनि बृद्धी गर्ने तयारी गरिएको छ ।

राज्यबाट उपलब्ध हुने अन्य कुनै सामाजिक सुरक्षा भत्ता वा नेपाल सर कार, प्रदेश सरकार, वा स्थानीय तहबाट कुनैपनि संघ संस्था, गैर सरकारी संस्थाबाट सेवा सुविधा प्राप्त हुने पदमा बहाल रहेको भए मासिक पेन्सन उपलब्ध नगराइने अध्यक्ष हुमागाईले बताए । जेष्ठ पत्रकार मासिक पेन्सन प्रदान गर्ने प्रयोजनका लागि पेन्सन प्राप्त गर्नेको निबेदन र कागजपत्रका आधारमा सिफारिस गरिने छ ।



# पुर्ननिर्माणको म्याद थपियो




◆ विकास संवाददाता

सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्य अवधि एक वर्ष थप गरेको छ । मन्त्रिपरिषद्को मङ्सिर १५ गते बसेको बैठकले प्राधिकरणको म्याद २०७७ पुस १० गतेबाट एक वर्षका लागि थप गरेको हो ।

भूकम्पबाट प्रभावित संरचनाहरूको पुनर्निर्माण सम्बन्धी ऐन २०७२ को दफा ३ को उपदफा (३) बमोजिम प्राधिकरणको अवधि एक वर्ष थप गरि एको मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ । थपिएको एक वर्षमध्ये २०७८ असार मसान्तसम्मको अवधिमा प्राधिकरणले चालू आर्थिक वर्ष २०७७/०७८ मा विनियोजित बजेट अन्तर्गतका कार्यहरू कार्यान्वयन गर्नेछ । आगामी आर्थिक वर्षको बाँकी अवधि (२०७८ साउन १ गतेदेखि २०७८ पुस १० गते) मा भने प्राधिकरणले निजी आवास, सिंहदरवार, रानीपोखरी एवं धरहरा पुनर्निर्माणसँग सम्बन्धित अन्तिम फर्स्यौट गर्नुपर्ने कार्य गर्नेछ ।

पछिल्लो समय पुनर्निर्माण प्राधिकरण नेतृत्व घोषित उद्देश्य पुरा गर्न असक्षम रहेको देखिन्छ

# बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठानबाट शैक्षिक विद्यार्थीलाई सामाग्री सहयोग

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशील बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठान थाहानगरको विभिन्न ४ विद्यालयका ८ जना विद्यार्थीहरूलाई शैक्षिक सामाग्री सहयोग गरेको छ । प्रतिष्ठानले २२ मंसिरमा एक कार्यक्रमको आयोजना गरी थाहा-२ मा रहेको घाटदेवी आधारभूत विद्यालय, मत्स्यनारायण मावि, सरस्वती आधारभूत, र मंगलेश्वर आधारभूत विद्यालयलाई एक/एक थान घडि र प्रत्येक विद्यालयका दुई/दुई जना विद्यार्थीहरूलाई कापि, कलम, झोला, पोशाक साथै व्यक्तिगत सरसफाइका लागि साबुन, मञ्जन, ब्रस र रूमाल लगायत खेलकुदका सामग्री वितरण गरेको हो ।

थाहानगरका ४ विद्यालयका ८ जना गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीले जानकारी दिए । अमेरिकमा बस्नुहुने विजय बस्नेतले ३० हजार रूपैयाँ र समाजसेवी अच्युतम प्रसाद ढकालको १० हजार सहयोगमा प्रति विद्यार्थी ५ हजारको दरले सहयोग सामग्री हस्तान्तरण भएको अध्यक्ष कार्कीले जानकारी दिए । विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा विजयकृष्ण बादेको प्रमुख आतिथ्यता रहेको थियो ।



प्रतिष्ठानले हरेक वर्ष जिल्लामा भलिबल प्रतियोगता गर्दै आएको थियो । यस वर्ष कोरोना महामारीको समयमा भलिबल प्रतियोगता हुन नसकेपछि विद्यार्थीहरूलाई सहयोग गरि एको अध्यक्ष कार्कीले बताए । उनले अब आगामी वर्षदेखि हरेक वर्ष प्रतिष्ठानले भलिबल प्रतियोगितासँगै विद्यार्थीलाई सहयोग कार्यक्रम पनि गर्ने जानकारी दिए ।

# जोन संचालक समितिको संयोजकमा श्रेष्ठ



◆ विकास संवाददाता

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तरकारी जोन पालुङको संचालक समितिको संयोजकमा सुविनभक्त श्रेष्ठ निर्वाचित भएका छन् ।

थाहा नगरपालिकाको विकास घरमा २४ मंसिरमा भएको भेलाबाट श्रेष्ठ संयोजकमा निर्वाचित भएका हुन् । संचालक समितिको सहसंयोजकमा सरि ता बस्नेत तथा सचिवमा रामकृष्ण कार्की निर्वाचित भएका छन् । वि.सं. २०७४ सालमा स्थापना भएको तरकारी जोन संचालक समितिको पदावधि सकिएपछि समिति पुर्नगठन भएको हो ।

कार्यक्रममा जोन प्रमुख महेश्वर लामिछाने, राजन धिमाल तथा कृषि प्राविधिक र कर्मचारी तथा किसानहरूको सहभागिता रहेको थियो । सो अवसरमा निवर्तमान अध्यक्ष सुदर्शन विष्टलाई जोनको तर्फबाट प्रशंसा पत्र प्रदान गरिएको थियो ।

# मनहरीको वित्तिय प्रगती ११ प्रतिशत

◆ विकास संवाददाता

मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिकाले चालू आर्थिक वर्ष २०७७/०७८ को पहिलो चौमासिकभित्र ११ प्रतिशत खर्च गरेको छ ।

चालू आवमा गाउँपालिकाले ७८ करोड ३८ लाख रूपैयाँ बराबरको बजेट ल्याएको थियो । चालू आवको पहिलो चौमासिकसम्म करिब ११ प्रतिशत बजेट रकम खर्च भएको गाउँपालिका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिए । उनले असारे विकासको परिपाटीलाई अन्त्य गर्न ध्यान दिएको बताएका छन् । 'गाउँपालिकामा कृषि र पर्यटन क्षेत्रको प्रचुर सम्भावना रहेकाले उक्त क्षेत्रलाई विशेष महत्व दिएर काम गरिरहेका छौं ।', उप्रेतीले भने । जिल्ला समन्वय समितिले गाउँपालिकाले पहिलो चौमासिकसम्म गरेको काम, कारबाहीको समिक्षा गर्न अनुगमगन गरेको थियो । गाउँपालिकाको चालु.आ.वमा कुल १ सय ८० योजनाहरू संचालनमा रहेका छन् ।

# संघले स्थानीयको कुरै सुनेनन्

◆ विकास संवाददाता

नदीजन्य पदार्थ (ढुंगा, गीट्टी, बालुवा) को उत्खनन् सन्दर्भमा अव्यवहारिक मापदण्ड ल्याएको भन्दै जिल्ला समन्वय समिति (जिसस) महासंघ नेपाल बागमती प्रदेशले आपत्ति जनाएको छ । नेपाल सरकारबाट जारी मापदण्डका कारण उत्पन्न समस्याका बिषयमा संघीय सरकार सँग छलफल गर्दा पनि सुनुवाई नभएको महासंघले जनाएको छ ।

जिसस महासंघका बागमती प्रदेश अध्यक्ष एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले हेटौंडामा गरिएको पत्रकार सम्मेलनलाई संबोधन गर्दै संघीय सरकारले नयाँ मापदण्डका विषयमा कुरा नसुनेको बताए । प्राकृतिक स्रोत (ढुंगा, गीट्टी, बालुवा) को उत्खनन्का सन्दर्भमा जारी मापदण्ड र गृह मन्त्रालयद्वारा जारी परिपत्रका कारण उत्पन्न समस्या समाधान गर्न संघीय सरकारलाई बारम्बार आग्रहगर्दा पनि कुनै सुनुवाई नभएको खुलालले धारणा राखे ।

खुलालले नेपाल सरकारबाट जारी मापदण्ड र गृहमन्त्रालयद्वारा जारी परिपत्रका कारण प्राकृतिक स्रोतको उत्खन्न हुन नसक्दा विकास निर्माण ठप्प हुनुका साथै स्थानीय तहको आय-स्रोतमा समेत असर पर्ने बताए । उनले मापदण्डका कारण आइइ स्वीकृत गर्न नसक्दा नदिजन्य पदार्थको ठेक्का बन्दोबस्ती समेत हुन नसकेको र स्थानीय तहको भौतिक विकास तथा विभिन्न योजनाहरूमा समेत असर पर्ने देखिएको बताए । विकास निर्माणको समय सुरु भएकोले मापदण्डको दफा ४ को १० मा रहेको प्रावधानको परिमार्जन गर्नुपर्ने धारणा राखे ।

# थाहानगरमा हिंसाविरुद्ध र्‍याली



◆ शम्भु अधिकारी

लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानमा ऐक्यबद्धता,लैङ्गिक हिंसा रहित समाज निर्माणमा नेपालको प्रतिबद्धता भन्ने मुल नाराका साथ इलाका प्रहरी कार्यालय पालुङ्ग, सामुदायिक प्रहरी सेवा केन्द्र थाहानगर र जनकल्याण मा. वि.को आयोजनामा र्‍याली कार्यक्रमको आयोजना गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयको लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान अर्न्तगत र्‍यालीको आयोजनामा गरिएको सामुदायिक प्रहरी सेवा केन्द्र थाहानगर का अध्यक्ष धर्मलाल प्रधानले जानकारी दिए । हिंसामा परेका महिलाहरूलाई सहज रूपमा न्याय पाउनका लागि बनाएको लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थापनमा सहजता ल्याउनको लागि देश व्यापी कार्यक्रम स्वरूप थाहानगरमा पनि कार्यक्रमको आयोजना गरिएको इलाका प्रहरी कार्यालय पालुङ्का प्रहरी सहायक निरिक्षक लक्ष्मण वि.क.ले बताए ।

र्‍याली थाहानगरको थाना बजारबाट सुरू भएर शिखरकोटमा गएर समापन भएको थियो । र्‍यालीमा सहभागि विद्यार्थीहरूले लैङ्गिक हिंसा विरूद्धका प्लेकार्ड प्रर्दशन गरेका थिए । र्‍यालीमा शिक्षक, विद्यार्थी, जनप्रतिनीधि, अधिकारकर्मीहरू, पत्रकारलगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# कैलाशमा बन्ने भो एकीकृत बस्ती

◆ विकास संवाददाता

मकवानपुरको विकट कैलाश गाउँपालिकाले चालु आर्थिक वर्षमै एकीकृत बस्ती निर्माण सकिने भएको छ । कैलाश-१० मा यसैवर्ष एकीकृत बस्ती निर्माण सम्पन्न गर्ने गरी काम अघि बढाइएको हो ।

गाउँपालिकामा जोखिम अवस्थामा बसोबास गर्दै आएका १० घरधुरीको लागि एकीकृत बस्ती निर्माण हुन लागेको वडाध्यक्ष माणिलाल मोक्तानले बताए । एकीकृत बस्ती निर्माणका लागि ३ महिनाअघि १० घरधुरी लाभग्राहीको नाममा जग्गा पास गरिएको उनले जानकारी दिए । एकीकृत बस्तीको लागि कैलाश-१०, बलमटारमा सात/सात धुर जमिन खरिद गरी लाभग्राहीको नाममा पास भइसकेको छ । चालु आर्थिक वर्षमा भूकम्प पुनर्निर्माण प्राधिकरणले उनीहरूलाई घर बनाउन प्रतिघर धुरी ३ लाख रूपैयाँ उपलब्ध गराइसकेकोले तीव्र गतिमा काम भइरहेको गाउँपालिकाले जनाएको छ ।

प्राधिकरणले रकम उपलब्ध गराउन अघिनै उनीहरूलाई जग्गा खरिदका लागि २ लाख रूपैयाँ दिइएको र अपुग रकम लाभग्राही आफैंले थप्नुपर्ने व्यवस्था रहेको वडाध्यक्ष मोक्तानले बताए ।

# क्यान्सर रोग पीडितलाई ५० हजार

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले क्यान्सर रोग पीडितका लागि उपचारका लागि जनही ५० हजार रूपैयाँ उपलब्ध गराउने भएको छ ।

प्रदेश मन्त्रिपरिषद्को बैठकले चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम अनुसार क्यान्सर रोग पीडितको उपचारमा ५० हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो । 'प्रदेशभित्रका स्थायीवासीलाई हामीले उपचारमा सहयोग गर्नेछौं । हामीले आवश्यक कार्यविधि निर्माण गरिसकेका छौं', प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुङ्गेलले भने । क्यान्सर रोग पीडितका लागि संघीय सरकारले समेत एक लाख रूपैयाँ उपचारका लागि उपलब्ध गराउँदै आइरहेको छ ।

मन्त्रिपरिषद् बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आर्थिक प्रशासनिक अधिकार प्रदान गर्ने निर्णय गरेको छ । 'प्रदेश गौरवको आयोजनाको



रूपमा रहेको स्वास्थ्य विज्ञान प्रतिष्ठानको आर्थिक तथा प्रशासनिक नियमावली बैठकले पास गरेको छ । अब प्रतिष्ठान आफ्नो उद्देश्य अनुसार सञ्चालन हुनेछ ।' ढुङ्गेलले प्रष्तिठानको केन्द्रीय कार्यालय हेटौंडामा रहने र आगामी शैक्षिक सत्रबाट प्रतिष्ठानले पठनपाठन सुरू गर्ने बताए ।

बैठकले प्रदेश यातायात सञ्चालन बोर्ड गठन गर्ने निर्णय गरेको छ । विशेषगरी प्रदेशभित्र सञ्चालन हुने विद्युतीय सवारीलाई व्यवस्थित गर्ने उद्देश्यले यातायात बोर्ड गठन गर्ने तयारी गरिएको उनले बताए ।

# राक्सिराङको निर्माणाधिन छात्राबासको अनुगमन

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको एक करोडको लगानिमा निर्माणाधिन छात्राबासको २६ मंसिरमा अनुगमन गरिएको छ । जिससको मौजदात कोषबाट एक करोड रूपैयाँ लगानीमा जिल्लाको विकट राक्सिराङ गाउँपालिका स्थित सुर्योदय माविको निर्माणाधिन छात्रावासको अनुगमन गरिएको हो ।

जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको नेतृत्वमा गएको टोलीले निर्माणाधिन छात्राबासको अनुगमन गरेको हो । राक्सिराङ गाउँपालिकामा विकट क्षेत्रबाट पढ्न आउनेहरूका लागि छात्राबास निर्माण गरिएको हो । छात्राबास निर्माणको काम अन्तिम चरणमा पुगेको र आगामी पौस महिना भित्र हस्तान्तरण हुने बताईएको छ ।

अनुगमनका क्रममा प्रमुख खुलालले छात्रावास निर्माणले पढ्नका लागि दैनिक घण्टौं हिडेर आउनुपर्ने त्यस भेगका विद्यार्थीलाई राहत मिल्ने बताए ।

# नेवा पुचःको सहयोगमा टिष्टुङमा नेवारी बाजा हस्तान्तरण




◆ विकास संवाददाता

समुदायमा सांस्कृतिक परम्परा र रिती थिति जर्गेना गर्ने उद्देश्यले बाजा हस्तान्तरण गरिएको छ । मकवानपुरको थाहा नगरपालिकाको ऐतिहासिक टिस्टुङमा स्थानीयलाई बाजा हस्तान्तण गरिएको हो ।

लोपोन्मुख रूपमा रहेको सांस्कृतिक बाजा संरक्षण गर्ने उद्देश्यले टिष्टुङ बज्रबाराही नेवाःपुचः को सहयोगमा तेतु संस्कृतिक संरक्षण समितिका अध्यक्ष मोहनलाल महर्जनलाई बाजा हस्तान्तरण गरिएको हो ।

हलि नेवाः गुथिका महासचिव बिनोद महर्जनको उपस्थिति र पुजारी टीकालाल कर्मचार्यको उपस्थितिमा बाजा दिइएको हो ।

कार्यक्रममा ज्यापू महागुथिका पुर्व अध्यक्ष अकल गोपाली लगायत सहभागी थिए । सो बाजा प्राप्त भएपछि महिलाहरूलाई बाँसुरी बाजा बजाउने प्रशिक्षण पनि दिइएको छ ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी